**राष्ट्रिय योजना आयोगको सचिवालय**

**प्रेस विज्ञप्ति**

**मिति २०७४ वैशाख २९ शुक्रबार**

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ International Conference on Emerging Finance and Markets विषयक कार्यक्रममा भाग लिन आज चीनको छेन्दु प्रस्थान गर्नुभयो । चीनको Chengdu Municipal Financial Work Office, Society for the Study of Emerging Markets तथा Southwestern Jiaotong University को संयुक्त आयोजनामा मे १२-१३, २०१७ मा संचालन हुने उक्त सम्मेलनमा उपाध्यक्ष डा. श्रेष्ठले One Belt and One Road Initiative विषयमा मुख्य वक्ताको रुपमा भाग लिनुहुने कार्यक्रम रहेको छ । सो सम्मेलनमा अमेरिका, बेलायत, टर्की, क्यानाडा, फ्रान्स र चीन लगायतका मुलुकका अनुसन्धानकर्ता तथा विषेशज्ञहरुले भाग लिने कार्यक्रम रहेको छ । विश्वका उदियमान अर्थतन्त्रहरुका लागि उपलब्ध अवसरहरु तथा विश्वव्यापी तथा आन्तरिक चुनौतिहरुको विषयका साथै चीनले अघि सारेको One Belt and One Road Initiative का विविध पक्षहरुमा छलफल हुनेछ । सो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भई माननीय उपाध्यक्षज्यू वैशाख ३१ गते काठमाडौं फिर्ता हुने कार्यक्रम छ । माननीय उपाध्यक्षज्यूको साथमा राष्ट्रिय योजना आयोगको सचिवालयका सह-सचिव श्री विजुकुमार श्रेष्ठ सहभागी रहनुभएको छ ।